# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## अन्नपूर्ण गाउँपालिका
## कास्की




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,
गण्डकी प्रदेश

पत्र संख्याः २०७८।७९
च.नं. ६४ मितिः २०७९।३।२६

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,
अन्नपूर्ण गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
कास्की ।

**कैफियत सहितको राय**

हामीले अन्नपूर्ण गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.२ करोड ६ लाख ७ हजार बेरुजू देखिएको छ। सोमध्ये प्राप्त प्रतिक्रियाबाट रू.१ लाख ८८ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.१० लाख ३२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ६९ लाख २२ हजार, नियमित गर्नुपर्ने रू.२ लाख ४१ हजार र पेश्की रू.२२ लाख २४ हजार रहेको छ । गतवर्ष रु.३ करोड ३३ लाख ७९ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.३ करोड ९२ लाख ४९ हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। पालिकाबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक

अन्नपूर्ण गाउँपालिका, कास्की

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४८ | ७२ | २०६०७ | ० | ११ | १८८ | ४८ | ६१ | २०४१९ | १०३२ | २४१ | १६९२२ | ० | ० | १७१६३ | २२२४ |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कास्की | ३३३७९ | - | १४५४९ | १८८३० | - | २०४१९ | ३९२४९ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : अन्नपूर्ण गाउँपालिका, कास्की , अन्नपूर्ण गाउँपालिका , कास्की

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | युवराज अधिकारी | २०७७-४-१ | |
| लेखा प्रमुख | सरिता गौतम | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | २०,६०७,१५६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ८,२९,९८,०४२.९७ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ५३,२३,०५,१६०.७५ | चालु खर्च | ४२,६६,९५,९४७ |
| प्रदेश सरकारबाट अनुदान | १,९१,६५,६५० | पूँजीगत खर्च | २३,५१,०७,२८४ |
| राजश्व बाँडफाँट | ८,००,७८,०७३.१ | वित्तीय/अन्य व्यवस्था | १५,९३,५४६ |
| आन्तरिक आय | २,२२,०५,५८१.११ | | |
| अन्य आय | ८२,७६,५७३ | | |
| कुल आय | ६६,२०,३१,०३७.९६ | कुल खर्च | ६६,३३,९६,७७७ |
| बाँकी मौज्दात | | ८,१६,३२,३०३.९३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | उल्लेखित आर्थिक कारोवारहरूको स्वीकृत समष्टिगत तथा इकाईगत लेखापरीक्षण योजना, कार्यालयबाट पेस गरिएको वार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरू, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार र कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरूलाई प्रतिवेदनमा समावेश गरिएको छैन । उल्लिखित लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरू सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरूसँग मिति २०७९।१।२८ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू निम्नानुसार छन्: | |
| २ | | | **परिचयः**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ११ वडा, ५९ सभा सदस्य, ४१७.७३ वर्ग किलोमिटर क्षेत्रफल तथा २४१९८ जनसंख्या रहेको छ । | |
| ३ | | | **सञ्चितकोषको हिसाबः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७७।०७८ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः | |

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५९,५४,१२,९०८ | ५०,१५,४५,८०९.९६ | | ५०,१५,४५,८०९.९६ | ६०,०८,८०,६८७.९१ | | ६०,०८,८०,६८७.९१ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५८,२४,१३,८६० | ४९,४८,४२,८४५.९६ | ० | ४९,४८,४२,८४५.९६ | ४५,४०,१४,४७०.९१ | ० | ४५,४०,१४,४७०.९१ |
| ११००० कर | ११ | ९,४०,७३,१२० | ८,४२,७१,१०८.०६ | ० | ८,४२,७१,१०८.०६ | ६,७६,७२,७७८.८४ | ० | ६,७६,७२,७७८.८४ |
| १३००० अनुदान | | ४५,६३,१६,७४० | ३९,४६,२६,०६१.७५ | ० | ३९,४६,२६,०६१.७५ | ३५,७४,०८,९१७ | ० | ३५,७४,०८,९१७ |
| संघीय सरकार | १२ | ४२,९१,४७,७४० | ३७,९९,०२,१९१.७५ | ० | ३७,९९,०२,१९१.७५ | ३३,६७,७५,८७४ | ० | ३३,६७,७५,८७४ |
| प्रदेश सरकार | १२ | २,२१,६९,००० | १,२६,५७,००० | ० | १,२६,५७,००० | १,७९,१५,१०० | ० | १,७९,१५,१०० |
| जनसहभागिता | | ५०,००,००० | २०,६६,८७० | ० | २०,६६,८७० | २७,१७,९४३ | ० | २७,१७,९४३ |
| १४००० अन्य राजस्व | | ३,२०,२४,००० | १,५९,४५,६७६.१५ | ० | १,५९,४५,६७६.१५ | २,८९,३२,७७५.०७ | ० | २,८९,३२,७७५.०७ |
| ख. अन्य प्राप्ति | | १,२९,९९,०४८ | ६७,०२,९६४ | | ६७,०२,९६४ | १४,६८,६६,२१७ | | १४,६८,६६,२१७ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | १,२९,९९,०४८ | ४७,९८,०९६ | ० | ४७,९८,०९६ | ३७,३२,१८८ | ० | ३७,३२,१८८ |
| धरौटी | | ० | १९,०४,८६८ | ० | १९,०४,८६८ | ९,०६,६८७ | ० | ९,०६,६८७ |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | १४,२२,२७,३४२ | ० | १४,२२,२७,३४२ |
| भुक्तानी (ग+घ) | | ६७,६७,९२,२०९.९७ | ५०,४४,८५,१५८ | | ५०,४४,८५,१५८ | ६०,०३,२१,२७२ | | ६०,०३,२१,२७२ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६६,३७,९३,१६१.९७ | ५०,२८,९१,६१२ | | ५०,२८,९१,६१२ | ४५,५६,४९,८६८ | | ४५,५६,४९,८६८ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २२,२०,५४,५४२ | २०,००,९६,३७५ | ० | २०,००,९६,३७५ | १९,०९,१२,६११ | ० | १९,०९,१२,६११ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १३,१४,३२,८१८ | ९,०५,८०,६४८ | ० | ९,०५,८०,६४८ | ४,६६,६३,३६१ | ० | ४,६६,६३,३६१ |
| २६००० अनुदान | १८ | ७,९०,००० | ६,९०,००० | ० | ६,९०,००० | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | १,०६,६१,९५० | १,०४,३६,३७० | ० | १,०४,३६,३७० | २६,६७,६१७ | ० | २६,६७,६१७ |
| २८००० अन्य खर्च | १८ | ४८,६७,८९० | २६,३३,२४० | ० | २६,३३,२४० | १,१२,०८,४९१ | ० | १,१२,०८,४९१ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २९,३९,८५,९६१.९७ | १९,८४,५४,९७९ | ० | १९,८४,५४,९७९ | २०,४१,९७,७८८ | ० | २०,४१,९७,७८८ |
| घ. अन्य भूक्तानी | | १,२९,९९,०४८ | १५,९३,५४६ | | १५,९३,५४६ | ६०,०३,२१,२७२ | | ६०,०३,२१,२७२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कोषहरु | | १,२९,९९,०४८ | १६,३१,०६५ | ० | १६,३१,०६५ | १९,४४,०६२ | ० | १९,४४,०६२ |
| धरौटी | | ० | ० | ० | ० | ५,००,००० | ० | ५,००,००० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | १४,२२,२७,३४२ | ० | १४,२२,२७,३४२ |
| कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | -३७,५१९ | | -३७,५१९ | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (८,१३,७९,३०१.९७) | (२९,३९,३४८.०४) | | (२९,३९,३४८.०४) | ५,५९,४१५.९१ | | ५,५९,४१५.९१ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ८,२०,२३,०४२.९७ | | ८,२०,२३,०४२.९७ | ८,३२,५१,७५४.०६ | | ८,३२,५१,७५४.०६ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (८,१३,७९,३०१.९७) | ७,९०,८३,६९४.९३ | | ७,९०,८३,६९४.९३ | ८,३८,११,१६९.९७ | | ८,३८,११,१६९.९७ |
| बैंक तथा नगद बाकी | २४ | | ७,९०,८३,६९४.९३ | | ७,९०,८३,६९४.९३ | ८,१४,०९,२११.९७ | | ८,१४,०९,२११.९७ |

पालिकाले पेश गरेको वित्तिय विवरणमा समावेश नभएका खर्च शिर्षकहरु निम्नानुसार रहेका छन्ः

| सि.नं. | खर्च शिर्षक | बजेट | निकासा/खर्च |
|---|---|---|---|
| १ | ३१४०१०१२३-सामाजिक सुरक्षा तथा संरक्षण | ११९०४००० | १०८८९९९४० |
| २ | ३६५००१०४३-स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | १०९२३००० | १०५९८८७४ |
| ३ | ३७०००११६४- एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | ३२२००००० | ३२१८६६५५ |
| ४ | ३१४०००११३-आन्तरिक मामिला तथा कानून मन्त्रालय | ४३००० | ४३००० |
| ५ | ३१४०००११४-आन्तरिक मामिला तथा कानून मन्त्रालय | १५००००० | १५००००० |
| ६ | ३५००००११३-सामाजिक विकास मन्त्रालय | १०००००० | १०००००० |
| ७ | ३५०००१२०४-सामाजिक विकास मन्त्रालय (संघ सशर्त) | १००००० | १००००० |
| ८ | ३५००१०११३-शिक्षा विकास निर्देशनालय | १०००००० | १०००००० |
| ९ | ३५००००११४-सामाजिक विकास मन्त्रालय | ३०००००० | २८६५६५० |
| १० | ३३६००१०२३-गरीबसँग विशेश्वर कार्यक्रम | ७७७००० | ७१७५०० |
| | जम्मा | ६२४४७००० | १५८९११६१९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | राजश्व | | | | |
| | विवरण | आम्दानी | दाखिला | बाँकी | |
| | विभिन्न | ७४६९१५७.०० | ७४६९१५७.०० | ० | |
| १० | कार्यसञ्चालनकोष | | | | |
| | गतवर्षको जिम्मेवारी | यसवर्षको आम्दानी | जम्मा | खर्च | बाँकी |
| | ० | १०००००० | १०००००० | ८०७२८९ | १९२७११ |

| | | | | |
|---|---|---|---|---|
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणालीः** | |
| ४.१ | | | • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा गरेको पाइएन<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ अनुसारको खरिद गुरुयोजना योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन । | |
| ४.२ | | | • सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन गरेको पाइएन । | |

| | | | | |
|---|---|---|---|---|
| | | | • सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरे नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखे राखेको पाइएन । | |
| ४.३ | | | • म. ले. प. फाराम नं ९०६ बमोजिम सवारी साधन मर्मतको अभिलेख अद्यावधिक गरी राखेको पाइएन । | |
| ४.४ | | | • भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरिएको भएतापनि म. ले. प. फाराम ९०७ र ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख खाता राखेको पाइन । | |
| ४.५ | | | म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका बेरुजुका निम्न फारमहरु अद्यावधिक गरी राखेको पाइएनः<br>• म. ले. प. फाराम ८०१ – बेरुजु लगत, म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन र म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख | |
| ५ | | | **कानून निर्माण एवं कार्यान्वयनः** | |
| ५.१ | | | **कानून निर्माणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १३ ऐन, २ नियमावली, ९ कार्यविधि र ३ निर्देशिका समेत २७ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| ५.२ | | | **न्यायीक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २ र यो बर्ष थप भएको ४ वटा दर्ता गरी कूल ६ वटा विवाद भएकोमा २ मात्र फछ्र्यौट भई ४ बाँकी देखिन्छन् । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ६ | | | **वित्तीय विवरण परीक्षणः** | |
| ६.१ | | | • आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्नेमा गरेको पाइएन । | |
| ६.२ | | | • निवृत्तभरण कोष ऐन, २०७५ को दफा १० अनुसार कार्यालयले कर्मचारीको मासिक तलबबाट ६ प्रतिशतले हुन आउने रकम कट्टा गरी सोमा नेपाल सरकारको तर्फबाट शतप्रतिशत रकम थप गरी कोषमा जम्मा गर्नु पर्ने व्यवस्था अनुसार कट्टा गरी जम्मा गरेको छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.२०००००।- ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोभैm कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर उचित नदेखिकएकोले यसमा सुधार गर्नु पर्दछ । | |
| ६.३ | | | **वित्तीय विवरण विश्लेषणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः<br>• गत वर्षको मौज्दत रु. ८३८२२०९१।९७ भन्दा रु. १।- यस वर्ष घटी जिम्मेवारी सारेको छ । तसर्थ सुत्रबाट तयार भएको वित्तिय विवरणले आयव्ययको यथार्थ चित्रण गरेको छैन। | |

| | | | | |
|---|---|---|---|---|
| | | | त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ६.४ | | | **जिम्मेवारी फरक परेकोः** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.८३८२२०९१।९७ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.८२०२३०४२।९७ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१७९९०४९।- घटी जिम्मेवारी सरेको छ । सो सम्बन्धमा गत वर्षको जिम्मेवारीमा प्रकोप व्यवस्थापन कोष तर्फको रु. १७९९०४८।- समेत समावेश भएको र चालु वर्षमा प्रकोप व्यवस्थापन कोष तर्फको रकम वित्तिय प्रतिवेदनको अनुसूची १५ मा छुट्टै मौज्दात देखाएको छ । सो बाहेक रु. १ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ । | |
| ७ | | | **बजेट तथा कार्यक्रमः** | |
| ७.१ | | | **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री सगुन गरुङले २०७७।३।१० गते रु.६६ करोड १२ लाखको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ७.२ | | | **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र | |

टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु. १ लाख भन्दा कमको योजना | 0 | 0 |
| २ | रु. १ लाख देखि ५ लाख सम्मका योजना | 119 | 31100000 |
| ३ | रु. ५ लाख देखि १० लाख सम्मका योजना | 25 | 25000000 |
| ४ | रु. १० लाख एक देखि ५० लाख सम्मका योजना | 13 | 19300000 |
| ५ | रु. ५० लाख भन्दा माथिका योजना | 1 | 40000000 |
| | जम्मा | 157 | 115400000 |

७.३

**क) क्षेत्रगत बजेट र खर्चः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।



https://nams.oag.gov.np

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | 53838081 | 36411027 | 7.24 |
| सामाजिक क्षेत्र | 321023000 | 270114017 | 53.71 |
| पूर्वाधार विकास क्षेत्र | 196214420 | 131199674 | 26.09 |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | 17001180 | 10336657 | 2.06 |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | 75716480 | 54830237 | 10.90 |
| जम्मा | 663793161 | 502891612 | 100.00 |

**ख) चौमासिक पूँजिगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| १ | विभिन्न | 198455 | 17300 | 38817 | 142338 | 85099 |
| | कूल खर्च: | 198455 | 17300 | 38817 | 142338 | 85099 |
| | खर्च प्रतिशत | | 8.72 | 19.56 | 71.71 | 42.88 |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ७.४ | | | **कार्यक्रम तथा प्रगतिः** तोकिएको लक्ष्य पुरा हुने गरी शत प्रतिशत प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु मात्र छनौट गरी कार्यान्वयनमा लैजानुपर्दछ । लक्ष्य अनुसार प्रगति नहुने हो भने बार्षिक कार्यक्रमको कुनै औचित्य नरहने हुँदा पालिकाले योजना छनौटमा ध्यान पुर्याउनु पर्दछ । पूँजीगत कार्यक्रम तर्फ शून्य प्रगति भएका केही उदाहरण देहायअनुसार छन्: | |

| आ.व. : २०७७/७८ अवधी : २०७७/०४/०१-२०७८/०३/३१ बजेट प्रकार : पूंजीगत | | | | |
|---|---|---|---|---|
| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च | खर्च (%) |
| १ | गाउँपालिका केन्द्र पूर्वाधार निर्माण | २५,००,००० | 0 | 0 |
| २ | सवारी साधन खरिद (मोटरसाइकल स्कुटर) | १०,००,००० | 0 | 0 |
| ३ | ल्यान्डफिल साईट व्यवस्थापन तथा सम्भाव्यता अध्ययन | ४,००,००० | 0 | 0 |
| ४ | बृहत लान्द्रुक खानेपानी योजना १ प्रतिशत लागत अनुदान | ५५,००,००० | 0 | 0 |
| ५ | समपुरक कोष ( म्याचिङ्ग फन्ड) | १,७०,००,००० | 0 | 0 |
| ६ | भैपरी आउने पूँजीगत | ३,३०,००० | 0 | 0 |
| ७ | नागडाँडा भित्रि बाटो स्तरोन्नति | ५,००,००० | 0 | 0 |
| ८ | भैपोखरी डिलबाट सिम्ले मोटरबाटो निर्माण | ५,००,००० | 0 | 0 |
| ९ | छापाडाँडा बिजेखा खानोपनी स्तरोन्नति | २,००,००० | 0 | 0 |
| १० | ठुलाचौर देखि जाँते ढुँङ्गा हुदै कुल मन्दिर मोटरबाटो निर्माण | २,००,००० | 0 | 0 |
| ११ | मराइचेदेखि अष्ट्रेलियन बेसक्याम्प पदमार्ग | २,००,००० | 0 | 0 |
| १२ | झोवाङ्ग कृयाकर्म भवन निर्माण योजना | १,५०,००० | 0 | 0 |
| १३ | माइको थान निर्माण योजना | १,००,००० | 0 | 0 |
| १४ | कालिका मन्दिर निर्माण योजना | २,००,००० | 0 | 0 |
| १५ | डिजिटल स्वागत द्धार तथा सडक बत्ती | १,००,००० | 0 | 0 |

| | | | | |
|---|---|---|---|---|
| १६ | विरेठाँटी बजार भित्र सिंढी बाटो निर्माण | १,५०,००० | 0 | 0 |
| १७ | नयाँगाँउ र छोम्रोङ तारबार | २,००,००० | 0 | 0 |
| १८ | स्वास्थ्य मेशिनरी औजार खरिद | ३,००,००० | 0 | 0 |
| १९ | कृषि बजार पूर्वाधार निर्माण (५० प्रतिशत लागत सहभागितामा) | ५०,००,००० | 0 | 0 |

| | | | | |
|---|---|---|---|---|
| ८ | | | **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ताः** | |
| ८.१ | | | **आर्थिक सहायताः** महोत्सव तथा अन्य खर्च भुक्तानी गर्दा सम्बन्धित कानूनले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिने गरी कानून बनाएको पाइएन तर पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिने गरेको छ । कानून बनाएर मात्र यस्ता सहायता प्रदान गर्नुपर्दछ । यस पालिकाले यो वर्ष ५४ जनालाई आर्थिक सहायता वापत रु. ५६८६४१।- खर्च लेखि भूक्तानी गरेको छ । | |
| ८.२ | | | **फिर्ता गर्न बाँकी अनुदानः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था भएकोमा निम्नानुसारको रकम संघिय तथा प्रदेश सरकारको सञ्चितकोषमा जम्मा गर्नुपर्ने रु.<br>संघिय स्रोत तर्फको सर्सत चालु अनुदान आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको रु. ११०८६५।- संघिय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु. ११०८६५।- | ११०,८६५ |
| ९ | | | **संगठन तथा कर्मचारी ब्यवस्थापनः** | |
| ९.१ | | | **कर्मचारी करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा १६ जना कर्मचारीहरु करारमा राखी रु.३१५९०४०।- खर्च लेखेको छ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९.२ | | | **कर्मचारी दरबन्दीः** कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था बमोजिम पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको दरवन्दी स्वीकृत भएको छ । पालिकामा कूल दरबन्दी संख्या ५८ भएकोमा ३४ पदपूर्ती भई प्रशासन तर्फ १० जना र प्राविधिक तर्फ १४ जना समेत २४ पद रिक्त रहेको पाइयो दरबन्दी अनुसार पदपूर्ती गरिनुपर्दछ । | |
| ९.३ | | | **तलबि प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ तथा सम्बन्धित ऐन वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.२२४११८४४।- खर्च लेखेको पाईयो । तलबि प्रतिवेदन पास गराएर मात्र खर्च लेख्नु पर्दछ । | |
| १० | | | **सम्पत्ति उपयोग र संरक्षणः** | |
| १०.१ | | | • साविक गाउँपालिका / नगर पालिकाका, संघीय विषयगत कार्यालयको सम्पत्ति र साविकका कार्यालयका कोषहरु हस्तान्तरण र अभिलेख अद्यावधिक गरी राख्नु पर्नेमा अद्यावधिक गरेको पाइएन । | |
| १०.२ | | | **जिन्सी दाखिला नगरेकोः** जन्सी दाखला नगरेकोः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) अनुसार जिम्मेवार व्यक्ति आफ्नो जिम्मामा आएको सरकारी जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । दुर्गा भवानी आदर्श आधारभूत विद्यालयलाई बालविकास केन्द्र स्थापना गर्न शैक्षिक सामाग्री खिरद लगायतका कार्य सम्पन्न गरी रु. ५०००००।- भूक्तानी गरेको छ । खरिद गरेका शैक्षिक सामाग्री मध्ये मूल्य रु. १०२५००।- बरावरका ३२ इन्चको स्मार्ट टि.भि.- १ थान लेनोभो ल्याप्टप- १ थान र भ्याकुम क्लिनर-१थान समेत खरिद गरेकोमा उक्त सामानहरु विद्यालयको जिन्सीखातामा आम्दानी बाधेको प्रमाण पेश हुन नआएकोले/सामान जिन्सी खातामा आम्दानी बाधेकोको प्रमाण पेश गर्नुपर्ने रु.<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण | १०२,५०० |

| | | | | |
|---|---|---|---|---|
| | | | हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा गरेको पाइएन । | |
| १०.३ | | | • सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख नभएको र सम्पतिको संरक्षण र उपयोग सम्बन्धि नीति र मापदण्ड बनेको पाइएन । | |
| १०.४ | | | **आन्तरिक लेखापरीक्षणः** आर्थिक कार्यविधि तथा वित्तिय उदरदायित्व ऐन, २०७६ को दफा ३३ अनुसार नेपाल सरकारका प्रत्येक कार्यलयको कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण महालेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको कोष तथा लेखानियन्त्रक कार्यालयबाट हुनेछ भन्ने रहेकोमा कोष तथा लेखा नियन्त्रक कार्यालय कास्कीबाट अन्तर सरकारी हस्तान्तरित कार्यक्रम (विषयगत निकायबाट प्राप्त रकम) को आन्तरिक लेखापरीक्षण नभएको र आर्थिक विवरणहरु प्रमाणित गरेको पाइएन ।ऐनमा व्यवस्था भए अनुसार आन्तरिक लेखापरीक्षण गरिनुपर्दछ । | |
| ११ | | | **खरिद व्यवस्थापन**<br>पालिकाले सामान खरीदको साथै उपभोक्ता समिति मार्फत निर्माण गरिएको कार्यको गुणस्तर परिक्षफण गर्ने गरेको पाइएन । | |
| १२ | | | **राजस्व आन्तरिक नियन्त्रणः** | |
| १२.१ | | | **रकम ढिला दाखिलाः** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ । स्थानीय तह अन्तरगतका वडाहरुले तोकिएको समयमभित्र राजश्व दाखिला गरेको पाइएन । राजश्व रकम तोकिएको समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ । | |
| १२.२ | | | • पालिकाले प्राप्त गर्नुपर्ने राजश्वको लगत अद्यावधिक गरी राख्नु पर्नेमा लगत अद्यावधिक गरेको पाइएन । | |

| | | | | |
|---|---|---|---|---|
| १२.३ | | | • ऐनको अधिकार अन्तर्गत गाउपालिकामा जारी भएका ऐनहरु गाउँसभाको जिम्मेवारीमा र नियम ,कार्यविधि, निर्देशिका लगायतका कानूहरु गाउँकार्यपालिकाको जिम्मावारीमा जारी भएको र अद्यावधिक हुने गरेको छ । | |
| १३ | | | **शिक्षा तर्फः** | |
| १३.१ | ४६ | २०७७-९-२४ | **विद्यालय सुधार योजनाः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को सि.नं. ५.१ क्रियाकलाप नं.२.७.१३.१० अनुसार विद्यालय सुधार योजनाका लागि आधारभुत तह प्रति विद्यालय वार्षिक रु.१५०००.०० र माध्यमिक तह प्रति विद्यालय वार्षिक रु.२०,०००.०० एकमुष्ट अनुदान उपलव्ध हुने व्यवस्था छ ।आर्थिक वर्ष ०७७/७८ मा विद्यालयलाई विद्यालय सुधार योजनाका लागि निकासा भएकोमा विद्यालय सुधार योजना पेश भएको छैन ।तपसिलको विद्यालयले विद्यालय सुधार योजना पेश गर्नुपर्ने रु. | १७५,००० |

| सि.नं. | विद्यालयको नाम | खर्च रु. |
|---|---|---|
| १ | बाकोट आवि-८ | 15000 |
| २ | लक्ष्मी आवि-३ | 15000 |
| ३ | लहरी आवि-१ | 15000 |
| ४ | परस आवि-१ | 15000 |
| ५ | धारापानी मावि -३ | 20000 |
| ६ | वालमन्दिर मावि-३ | 20000 |
| ७ | धौलाश्रि मावि-११ | 20000 |
| ८ | फुम्रोखु मावि १० | 20000 |
| ९ | संगाम मावि ६ | 20000 |
| १० | जनजागृति आवि ५ | 15000 |
| | जम्मा | 175000 |

| | | | | |
|---|---|---|---|---|
| १३.२ | ४६ | २०७७-९-२४ | **लेखापरीक्षणः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ को सि.नं. ५.१ क्रियाकलाप नं.२.७.१३.१० अनुसार विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षणका लागि आधारभुत तह प्रति विद्यालय वार्षिक रु.१००००.०० र माध्यमिक तह प्रति विद्यालय वार्षिक रु.१५,०००.०० एकमुष्ट अनुदान उपलव्ध हुने व्यवस्था छ । आर्थिक वर्ष ०७७/७८ मा विद्यालयलाई लेखापरीक्षणको लागी निकासा भएकोमा आ.व. २०७६/७७ को लेखापरीक्षण प्रतिवेदन पेश भएको छैन ।तपसिलको विद्यालयले लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्ने रु. | ४१०,००० |


https://nams.oag.gov.np

| सि.नं. | विद्यालयको नाम | लेखापरीक्षण खर्च रु. |
|---|---|---|
| 1. | बहादुरे मावि-४ | 15000 |
| 2. | शारदा आवि-९ | 10000 |
| 3. | विद्याज्योती आवि-८ | 10000 |
| 4. | बाकोट आवि-८ | 10000 |
| 5. | कोमेचे आवि-८ | 10000 |
| 6. | भूमे आवि-९ | 10000 |
| 7. | विरेठाटी मावि-८ | 15000 |
| 8. | भगवती बवि-९ | 15000 |
| 9. | उल्लेरी आवि-९ | 10000 |
| 10. | रामप्यरो आवि-८ | 10000 |
| 11. | उमा मावि-८ | 15000 |
| 12. | चण्डी आवि-९ | 10000 |
| 13. | मोदी आवि-८ | 10000 |
| 14. | लक्ष्मी आवि-३ | 10000 |
| 15. | सरस्वती आवि-२ | 10000 |
| 16. | वालज्योती आवि-३ | 10000 |

| | | |
|---|---|---|
| 17. | लहरी आवि-१ | 10000 |
| 18. | दुर्गा भवानी आदर्श आवि-२ | 10000 |
| 19. | माछापुच्छ्रे मावि-२ | 15000 |
| 20. | परस आवि-१ | 10000 |
| 21. | धारापानी मावि -३ | 15000 |
| 22. | सिर्जना मावि-१ | 15000 |
| 23. | पाउदुर मावि-३ | 10000 |
| 24. | वालमन्दिर मावि-३ | 15000 |
| 25. | कुर्लुङ्ग आवि १० | 10000 |
| 26. | धौलाश्रि मावि-११ | 15000 |
| 27. | जनसेवा आवि १० | 10000 |
| 28. | तालवराही आवि ११ | 10000 |
| 29. | सरस्वती आवि ११ | 10000 |
| 30. | घुर्जुङ्ग आवि ११ | 10000 |
| 31. | फुम्रोखु मावि १० | 15000 |
| 32. | लान्द्रुक आवि ७ | 10000 |
| 33. | | 10000 |

| | | |
|---|---|---|
| | हिमालय आवि ७ | |
| 34. | ज्ञानोदय आवि ६ | 10000 |
| 35. | जनजागृति आवि ५ | 10000 |
| 36. | सल्लेरी आवि ४ | 10000 |
| | जम्मा | 410000 |

मोदी आवि-८, चण्डी आवि-७, भूमे आवि -९ को आव २०७५/७६, २०७६/७७ को एकैपटक र लक्ष्मी आवि ७ को २०७५/७६, २०७६/७७ र २०७७/७८ को एकैपटक लेखापरीक्षण गरी प्रतिवेदन दिएको देखिन्छ । यसरी २ वा ३ वर्षको लेखापरीक्षण कार्य एकैपटक गरिने कार्यमा नियन्त्रण गरिनुपर्दछ ।वार्षिक रुपमा लेखापरीक्षण कार्य गर्ने तर्फ सम्बन्धित निकायले ध्यान पुर्‍याउनुपर्दछ ।

| | | | | | |
|---|---|---|---|---|---|
| १३.३ | १७४ | २०७८-३-२८ | **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमः** राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६ को दफा ६(८) अनुसार विद्यालयको भौतिक पूर्वाधार निर्माण उपभोक्ता समिति वा ठेक्कापट्टाद्धारा गर्न सकिने दफा ६(१०) अनुसार मन्त्रालयबाट स्वीकृत सम्वन्धित विषय क्षेत्रको निर्देशीका तथा वार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका वमोजिम हुनुपर्ने व्यवस्था छ । तपसिलको विद्यालयहरुलाई कक्षा कोठा निर्माण तथा शौचालय निर्माण कार्यको लागी रु.२५,००,०००.०० निकासा दिएको छ । कक्षा कोठा निर्माण तथा शौचालय निर्माण कार्य सम्पन्न भएको प्रमाण पेश भएको छैन । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले च.नं. ८३ मिति २०७८/३/२० को संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनको लागि समन्वय र सहजीकरण सम्वन्धमा उल्लेख गरे अनुसार सबै स्थानीय निकायले अनुरोध गरे अनुसार निकासा भएको रकमको सही सदुपयोग गर्ने गराउने तर्फ सम्वन्धित निकायले ध्यान पुरयाउनु पर्दछ । | | |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सि.नं.</td><td>विद्यालयको नाम</td><td>निर्माण कार्य</td><td>रकम</td></tr>
<tr><td>१</td><td>मेश्रम वराह मावि</td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम</td><td>1800000</td></tr>
<tr><td>२</td><td>शारदा आवि</td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम</td><td>700000</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>2500000</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१३.४</td><td>२१५</td><td>२०७७-१२-१७</td><td>शिक्षण सिकाई अनुदानः अग्रेजी, विज्ञान, गणित विषयमा शिक्षण सहयोग अनुदान शिक्षक व्यवस्थापनका लागी जारी गरिएको शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि २०७७ को दफा ६ अनुसार शुन्य र एक दरवन्दी भएका सामुदायिक आधारभुत र माध्यमिक विद्यालयलाई शिक्षण सिकाई अनुदान शिक्षकको व्यवस्था गरेको छ ।गाउँपालिकाको शिक्षा शाखामा अभिलेख कायम भएका शिक्षकहरुको सम्वन्धित विद्यालयले पेश गरेको तलवी माग फारामका आधारमा निकासा गर्नुपर्ने व्यवस्था छ । शिक्षण सिकाई अनुदान शिक्षकहरुको लागी ६ महिनाको मासिक रु.३६,०००.०० का दरले रु.,१२,७८,२००.०० एकमुष्ठ निकासा गरिएको छ । शिक्षा शाखाबाट नियुक्ती गरेको प्रमाण र विद्यालयले पेश गरेको तलवी माग फाराम पेश गर्नुपर्ने रु.
<table>
<tr><td>सि.नं.</td><td>विद्यालयको नाम</td><td>निकासा रु.</td></tr>
<tr><td>१</td><td>फुम्रोखु मावि-१०</td><td>432000</td></tr>
<tr><td>२</td><td>अभियान मेमोरियल मावि-५</td><td>432000</td></tr>
<tr><td>३</td><td>सितला मावि-५</td><td>216000</td></tr>
<tr><td>४</td><td>भूमे आवि-५</td><td>198200</td></tr>
<tr><td></td><td>जम्मा</td><td>1278200</td></tr>
</table>
</td><td>१,२७८,२००</td></tr>
<tr><td>१३.५</td><td>८२</td><td>२०७८-३-१</td><td>पाठ्यपुस्तक खरिदः कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७७/7८ को २.४.६.१ अनुसार प्रविष्ट तथ्याङ्कसँग सत्यापन गराई यकिन संख्याका आधारमा दोस्रो चौमासिकभित्र विद्यालयहरूलाई निकासा दिने र यसरी निकासा दिँदा पहिलोपटकमा.</td><td>१३६,४०५</td></tr>
</table>

वि.द्यार्थी संख्याको ७५ प्रतिशत संख्याको मात्र निकासा दिने बाँकी २५ प्रतिशत रकम २०७८ बैशाखबाट शुरु हुने शैक्षिक सत्रको विधार्थी भर्ना भएको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको आधारमा नपुग हुने रकममा थप निकासा दिन सकिने व्यवस्था छ । मिति २०७८ आषाढमा विद्यालयहरूलाई भर्ना भएका विद्यार्थीहरूको संख्या यकिन नगरी पुरै रकम भुक्तानी गरिएको छ । यस पालिकामा रहेका ५२ विद्यालयहरु मध्ये नमुना परीक्षणको रुपमा २१ विद्यालयले पेश गरेको पाठयपुस्तक वितरण भरपाई परीक्षण गर्दा निकासा भएको रकम वरावरको खरिद गरेको र वितरण गरेको देखिएन । वितरण गरेको भरपाई भन्दा बढी निकासा भएको रु.१,३६,४०६.०० असुल गर्नुपर्ने रु.

| कक्षा | निकासा संख्या | वितरण भरपाई संख्या | बढि निकासा संख्या | पुस्तक दर | जम्मा | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| सिर्जना आ.वि.-१ | | | | | | 15833 |
| 2 | 11 | 6 | 5 | 556.8 | 2784 | |
| 3 | 7 | 4 | 3 | 580.8 | 1742 | |
| 4 | 13 | 7 | 6 | 369.6 | 2218 | |
| 5 | 14 | 7 | 7 | 408.1 | 2857 | |
| 7 | 32 | 30 | 2 | 872.3 | 1745 | |
| 8 | 41 | 36 | 5 | 897.6 | 4488 | |
| फुम्रोखु मा.वि.-१० | | | 0 | | 0 | 24190 |
| 1 | 17 | 12 | 5 | 518.4 | 2592 | |
| 3 | 18 | 16 | 2 | 580.8 | 1162 | |
| 4 | 14 | 12 | 2 | 369.6 | 739.2 | |
| 5 | 14 | 12 | 2 | 408.1 | 816.2 | |
| 6 | 23 | 12 | 11 | 697.4 | 7671 | |
| 8 | 22 | 17 | 5 | 897.6 | 4488 | |
| 9 | 26 | 23 | 3 | 655.3 | 1966 | |
| 10 | 33 | 26 | 7 | 679.4 | 4756 | |
| उमा मा.वि.-८ | | | 0 | | 0 | 11648 |
| 4 | 23 | 14 | 9 | 369.6 | 3326 | |
| 8 | 13 | 6 | 7 | 897.6 | 6283 | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 10 | 14 | 11 | 3 | 679.4 | 2038 | |
| लक्ष्मी आ.वि.-३ | | | 0 | | 0 | 2073 |
| 1 | 12 | 8 | 4 | 518.4 | 2074 | |
| सिद्ध आ.वि.-६ | | | 0 | | 0 | 10495 |
| 1 | 12 | 7 | 5 | 518.4 | 2592 | |
| 2 | 11 | 6 | 5 | 556.8 | 2784 | |
| 6 | 23 | 18 | 5 | 697.4 | 3487 | |
| 7 | 20 | 16 | 4 | 408.1 | 1632 | |
| ज्ञानोदय मा.वि.-६ | | | 0 | | 0 | 4666 |
| 1 | 18 | 9 | 9 | 518.4 | 4666 | |
| उल्लरी आ.वि.-९ | | | 0 | | 0 | 3782 |
| 1 | 8 | 5 | 3 | 518.4 | 1555 | |
| 2 | 6 | 2 | 4 | 556.8 | 2227 | |
| हिमालय मा.वि.-७ | | | 0 | | 0 | 13548 |
| 1 | 16 | 12 | 4 | 518.4 | 2074 | |
| 2 | 20 | 14 | 6 | 556.8 | 3341 | |
| 3 | 15 | 7 | 8 | 580.8 | 4646 | |
| 6 | 22 | 17 | 5 | 697.4 | 3487 | |
| वालमन्दिर मा.वि.-३ | | | 0 | | 0 | 44457 |
| 1 | 52 | 31 | 21 | 518.4 | 10886 | |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>2</td><td>32</td><td>25</td><td>7</td><td>556.8</td><td>3898</td><td></td></tr>
<tr><td>5</td><td>33</td><td>25</td><td>8</td><td>408.1</td><td>3265</td><td></td></tr>
<tr><td>6</td><td>39</td><td>27</td><td>12</td><td>697.4</td><td>8369</td><td></td></tr>
<tr><td>7</td><td>28</td><td>20</td><td>8</td><td>408.1</td><td>3265</td><td></td></tr>
<tr><td>8</td><td>35</td><td>20</td><td>15</td><td>897.6</td><td>13464</td><td></td></tr>
<tr><td>9</td><td>23</td><td>21</td><td>2</td><td>655.3</td><td>1311</td><td></td></tr>
<tr><td>प्रगतिशिल<br>मा.वि.-४</td><td></td><td></td><td></td><td></td><td></td><td>5713</td></tr>
<tr><td>7</td><td>35</td><td>21</td><td>14</td><td>408.1</td><td>5713</td><td></td></tr>
<tr><td>कूल जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>136405</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१३.६</td><td>१२७</td><td>२०७८-३-२२</td><td>पुस्तकालयमा आधारित पाठ्यपुस्तक खरिदः कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७७/८ को ३.२ अनुसार कक्षा ११-१२ मा अध्ययनरत विद्यार्थीहरुका लागी पुस्तकालयबाट नै पाठ्यपुस्तक लैजाने ल्याउने गरी व्यवस्थापन गर्न प्रति विद्यालय रु.५०,०००.०० एकमुष्ठ दिन सकिने र पाठयक्रम विकास केन्द्रले सम्वन्धित कक्षाका लागी स्वीकृत गरेको सन्दर्भ सूची भित्रका पाठ्यपुस्तक किन्नुपर्ने व्यवस्था छ । विद्यालयहरुलाई पाठ्यपुस्तक खरिदको लागी रु.५० हजारका दरले निकासा गरिएको छ ।तपसिलको विद्यालयले पाठ्यपुस्तक खरिद विजक तथा पुस्तकालयमा दाखिला गरेको प्रमाण पेश गरेको छैन । पाठयक्रम विकास केन्द्रले सम्वन्धित कक्षाका लागी स्वीकृत गरेको सन्दर्भ सूची भित्रका पाठ्यपुस्तक खरिद गरेको विजक र पुस्तकालयमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>२५०,०००</td></tr>
</table>


https://nams.oag.gov.np

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सि.नं.</td><td>विद्यालयको नाम</td><td>रकम</td></tr>
<tr><td>१</td><td>प्रगतिशिल मावि-४</td><td>50000</td></tr>
<tr><td>२</td><td>माछापुच्छ्रे मावि-२</td><td>50000</td></tr>
<tr><td>३</td><td>बहादुरे मावि-४</td><td>50000</td></tr>
<tr><td>४</td><td>विरेठाटी मावि-८</td><td>50000</td></tr>
<tr><td>५</td><td>मेश्रमबराह मावि-१०</td><td>50000</td></tr>
<tr><td></td><td>जम्मा</td><td>250000</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>
पेश्की व्यवस्थापनः<br>
पेश्की फर्छौटः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (४) अनुसार पेश्की लिने व्यक्ति वा सस्थाले काम सम्पन्न भएको मितिले १५ दिन भित्र पेश्की फर्छौट गर्नुपर्ने व्यवस्था छ । कार्यलयले उपलब्ध गराएको फर्छौट गर्न बाँकी पेश्कीकी मास्केवारी म.ले.प.फा.नं. २११ अनुसार आर्थिक वर्षको अन्त्यमा फर्छौट नभइ बाँकी रहेको (म.ले.प.फा.नं. २११ मा समावेश नभएको समेत) पेश्की रकम रु. २४६८९०००।- मध्ये रु. १९४०००००।- म्याद ननाघेको मोविलाइजेशन पेश्की भएको र रु. ३०६५०००।- आ.व. २०७८।८९ मा फर्छौट भएको प्रमाण पेश हुन आएकोले बाँकी रहेको निम्न पेश्की रु. २२२४०००।- नियमानुसार फर्छौट गर्नुपर्ने रु.
<table>
<tr><td>क्रम</td><td>कर्मचारीको नाम</td><td>पेस्की रकम</td></tr>
<tr><td>१४.१</td><td>सहायक महिला विकास निरिक्षक निर्मला कुवर (२०७८।३।२५)</td><td>२४,०००</td></tr>
<tr><td>१४.२</td><td>आधारभूत स्वास्थ्य सेवा केन्द्र नि.उ.स. (२०७७।४।१)</td><td>२२,००,०००</td></tr>
</table>
</td><td>२,२२४,०००</td></tr>
<tr><td>१५</td><td></td><td></td><td>प्रशासनिक खर्चः</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| १५.१ | | | **तथ्याङ्क अध्यावधिकः** पालिकाले भौ.९५-०७८।३।१८ बाट कृषि तथा पशुपन्छी सम्बन्धि तथ्यांक अध्यावधिक गर्ने कार्य कर्मचारी मार्फत गराइ कर्मचारीहरुलाइ रु.६१९५०। दैनिक भ्रमण भत्ता भुक्तानी गरेको छ । प्रत्येक वर्ष तथ्याङ्क अध्यावधिक गर्ने कार्य पालिकाबाट हुने गर्दछ । तथ्याङ्कलाइ व्यवस्थित गरी विगतमा के कस्तो थियो यस आ.ब मा कुन अवस्थामा देखापर्‍यो भनि तुलनागरेको पाइएन । तथ्याङ्क संकलनलाइ प्रभावकारी बनाउने तर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ । | |
| १५.२ | | | **भुक्तानी दिन बाँकीको कच्चाबारी वेगर भुक्तानीः** आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१३) मा चालु वर्षको वजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्वन्धित कार्यालयले संलग्न विल भरपाई वमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकवाट स्विकृत ढाँचामा भुक्तानी दिन वाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयवाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था रहेको छ। संघिय कार्यालयमा जस्तै स्थानीय तहले पनि गत वर्षको भुक्तानी गर्ने प्रायोजनार्थ आवश्यक कानुनी व्यवस्था गरी आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वियन गर्नुपर्नेमा पालिकाले भौ.नं.३२४/०७८।२।८ बाट कर्मचारीहरुको बैठक भत्ता वापत रु.२४१०००।भुक्तानी दिन वाँकीको कच्चावारी वेगर नै भुक्तानी दिएको नियम सम्मत नदेखिएको रु. | २४१,००० |
| १५.३ | | | **फिल्ड भत्ताः** नेपाल सरकार मन्त्रीपरिष्दको निर्णयवाट २०७१।०४।०१ देखि लागु हुने गरी अनुसुची ११ मा कर्मचारीहरुको फिल्ड भत्ताको दर तोकिएको छ।पालिकाले कार्यपालिकावाट निर्णय गरी गाउँपालिकामा कार्यरत प्राविधिक कर्मचारीहरुलाई मासिक फिल्ड भत्ताको दर तोकिएकोमा दरको तुलनात्मक अध्ययन गर्दा गाउँपालिकाले निर्णय गरेको दर ४२५ प्रतिशत भन्दा वढी रहेको पाइयो।पालिकाले स्विकृत दरमा मात्र तलव तथा भत्ता उपलव्ध गराउनुपर्दछ। | |

| सि नं | पद | कर्मचारीको नामथर | पालिकाको फिल्ड भत्ताको दर | अनुसुची ११ को दर | फरक दर मासिक | जम्मा भुक्तानी भएको १० महिनाको |
|---|---|---|---|---|---|---|
| १ | इन्जिनियर | राजन गौतम | ११५०० | २७०० | ८८०० | ८८००० |
| २ | खा पा स टे | पुण्य प्रसाद लामिछाने | ९००० | २२५० | ६७५० | ६७५०० |
| ३ | सव इन्जिनियर | टिकाराम पौडेल | ९००० | २२५० | ६७५० | ६७५०० |
| ४ | सव इन्जिनियर | सुमिरन वडगामि | ९००० | २२५० | ६७५० | ६७५०० |
| ५ | सव इन्जिनियर | मनिषा शाक्य | ९००० | २२५० | ६७५० | ६७५०० |
| | जम्मा | | | | ३५८०० | ३५८००० |

यसरी मासिक रुपमा फिल्ड भत्ता दिने गरी निर्णय भएकोमा फिल्ड भत्ताको सम्वन्धमा संघिय कानुनसंग नवाझिने गरी स्पष्ट मापदण्ड वनाई खर्च लेख्नुपर्दछ।पालिकामा कार्यरत प्राविधिक कर्मचारी २० कि मि भन्दा टाढा नियमित रुपमा गइरहनुपर्ने भएकोले दैनिक भ्रमण भत्ताको तुलनामा मितव्ययी हुने भएकोले गाउँसभा वाट निर्णय गरी फिल्ड भत्ता दिइएको कार्यालयको भनाई रहेको छ।

१६ **कर सम्बन्धमाः**

१६.१ **संझौता वेगर भाडा भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ (५) मा खर्च गर्दा त्यस्तो खर्च पुस्टी गर्ने विल,भरपाइ,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। भौ.२३-०७७।६।२३ बाट २०७४ बैशाख महिना देखी २०७७ बैशाख महिना सम्म ३६ महिनाको प्रति महिना रु.१५००। का दरले रु.५४०००। भुक्तानी भएको छ ।

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यपालिकाले निर्णय गरि विगत २०७४ साल देखिएको घर भाडा भुक्तानी दिनु नियम सम्मत देखिएन । अतः भुक्तानी प्रकृयालाई प्रभावकारी बनाउन पालिकाले नियमको पालना गर्नु पर्ने देखिन्छ । | |
| १६.२ | | | **पारिश्रमिक करः** आयकरऐन, २०५८ को दफा ८ मा रोजगारबाट भएको आयको गणनामा प्राकृतिक व्यक्तिलाई एक आर्थिक वर्षमा पारिश्रमिक लगायत अन्य सुविधा भुक्तानी गर्दा आयको गणना गरी दफा ८७ अनुसार रोजगारदाताबाट करकट्टी गर्नुपर्ने व्यवस्था रहेको छ। निम्नानुसारका कर्मचारीले वार्षिक पारिश्रमिक भुक्तानीमा कम करकट्टी गरेको देखिएकोले असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु. | ४२,५४३ |

| क्र.स. | कर्मचारीको नाम | वार्षिक आय | कुल कट्टी | करयोग्य आय | तिर्नुपर्ने कर | तिरेको कर | नपुग कर |
|---|---|---|---|---|---|---|---|
| 1 | ऋषिराम पौडेल | 710258 | 211152 | 499106 | 4910 | 1631 | 3780 |
| 2 | कमला थापा | 676178 | 191016 | 485162 | 3516.2 | 0 | 3516 |
| 3 | विन्दु रानाभाट | 710258 | 211152 | 499106 | 4419 | 1037 | 3382 |
| 4 | वद्रीनाथ सुवेदी | 573938 | 101736 | 472202 | 2220.2 | 307 | 1913 |
| 5 | युवराज अधिकारी | 728478 | 149256 | 579222 | 15844.4 | 956 | 14888 |
| 6 | बलराम भूगाइ | 625058 | 110376 | 514682 | 6468.2 | 1857 | 4611 |
| 7 | ठकुर प्रसाद अधिकारी | 649518 | 101736 | 547782 | 9778.2 | 821 | 8957 |
| 8 | लक्ष्मण बस्ताकोटी | 573938 | 101736 | 472202 | 2220.2 | 724 | 1496 |
| | जम्मा | | | | | | 42543 |

| | | | | |
|---|---|---|---|---|
| १७ | | | **स्वास्थ्य तर्फः** | |

| | | | | |
|---|---|---|---|---|
| | | | **औषधी खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २० लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने तथा नियम ८४ मा ५ लाख भन्दा वढीको खरिद गर्दा शिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नुपर्ने उल्लेख छ ।पालिकाले यस आर्थिक वर्षमा पालिकाको बजेट र शर्शत अनुदानवाट रु.१६२९३७९। को औषधी खरीद गरेको मा रु.८०६०७१ को सिलबन्दी दरभाउ पत्रको माध्यमबाट र रु.८२३३०८। को विभिन्न सप्लायर्स सँग खरिद गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।<br>• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको कारण संझौतामा औषधीको अवधि कम्तीमा १८ महिनाको हुनुपर्ने भनि उल्लेख भएअनुसार औषधी प्राप्त भए नभएको एकिन नभएको,<br>• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र अन्यत्रवाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>• पालिका मातहत हस्तान्तरण गरी पठाएका औषधीहरुको सदुपयोग सम्वन्धमा अनुगमन नभएको,<br><br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| १८ | | | **संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम** | |
